कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

विषयः "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीज्यूबाट स्वीकृति प्राप्त मिति २०८२/०६/२१

१. विषयको संक्षिप्त व्यहोराः

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रमको बुंदा नं. ७४ मा "लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रक्रिया र घटना व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गरिनेछ" भनी उल्लेख भएको तथा प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा लैंगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति, कार्ययोजना तर्जुमा र कार्यान्वयनको विषय यस मन्त्रालयको कार्यजिम्मेवारीभित्र पर्ने भएको हुँदा सो विषयमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृतिको लागि कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेश गर्न आवश्यक रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं.१५, मिति २०८२/०५/१७ को पत्रमार्फत् र आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.१६२, मिति २०८२/०५/२० को पत्रमार्फत् कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्समक्ष "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृतिको लागि प्रस्ताव पेश गर्न सहमति प्राप्त भएको।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रक्रिया र घटना व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गर्ने भनी नीति लिएको तथा "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृतिको लागि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीज्यूबाट मिति २०८२/०६/२१ मा स्वीकृति प्राप्त भएकाले कर्णाली प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची-१ को विषयसंख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

यसैसाथ संलग्न "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृत गर्ने।

मितिः २०८२/०६/२१

..........................
(धोलकराज ढकाल)
प्रदेश सचिव

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत

# लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२

**प्रस्तावना:** लैङ्गिक हिंसाबाट प्रभावित भएका व्यक्तिमा पर्ने शारीरिक, मानसिक, भावनात्मक तथा यौनिक क्षतिलाई न्यूनीकरण गर्नका लागि सम्बन्धित निकायबीच समन्वय, सहकार्य र जवाफदेहिता सुनिश्चित गरी हिंसा प्रभावितलाई आवश्यक पर्ने स्वास्थ्य, सुरक्षा, न्याय र पुनर्स्थापना सम्बन्धी सेवा प्रदान गर्न साथै नेपाल सरकारद्वारा जारी अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका २०७७ ले तोकेका जिम्मेवारी पूरा गर्ने उद्देश्यले प्रभावकारी र सहज रुपमा घटना व्यवस्थापन र सुरक्षित प्रेषण प्रक्रियाका लागि स्पष्ट मार्गनिर्देशन गर्न आवश्यक भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिमको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस निर्देशिकाको नाम "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "एकद्वार संकट व्यवस्थापन केन्द्र" भन्नाले लैङ्गिक हिंसा प्रभावितलाई आवश्यक पर्ने सेवा एकै स्थानबाट प्रदान गर्ने उद्देश्यले अस्पतालमा आधारित भई सञ्चालनमा रहेका केन्द्र सम्झनु पर्छ।

(ख) "घटना व्यवस्थापन सहजकर्ता" भन्नाले कम्तीमा छ महिनाको मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी लैङ्गिक हिंसा प्रभावितलाई आवश्यक पर्ने विभिन्न सेवा प्रदान गर्ने तथा सो सेवा प्राप्तिको लागि सहजीकरण गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "चिकित्सकीय कानूनी सेवा (मेडिको लिगल)" भन्नाले कसूरको अनुसन्धान, अभियोजन वा न्यायिक कारवाहीको सिलसिलामा कानूनी प्रयोजनका लागि गरिने चिकित्सकीय जाँच, परीक्षण वा सो सम्बन्धी प्रदान गरिने अन्य सेवा सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा १४ बमोजिम गठित घटना व्यवस्थापन तथा प्रेषण निर्देशक समिति सम्झनु पर्छ।



प्रदेश सचिव

(ङ) "पीडक" भन्नाले लैङ्गिक हिंसा प्रभावितलाई हानीकारक, अपराधपूर्ण तथा हिंसापूर्ण कार्यबाट क्षति पुऱ्याएको व्यक्ति सम्झनु पर्छ।

(च) "प्रवेश विन्दु" भन्नाले हिंसा प्रभावितलाई प्रेषण गरिने दफा ७ बमोजिमको स्थान सम्झनु पर्छ।

(छ) "प्रेषण" भन्नाले लैङ्गिक हिंसा प्रभावितलाई आवश्यकता अनुसार दफा ४ बमोजिमको सेवा प्रदान गर्नका लागि सम्बन्धित निकायमा पठाउने कार्य सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "मनोसामाजिक परामर्शकर्ता" भन्नाले राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "मनोसामाजिक सहयोग" लैङ्गिक हिंसा प्रभावितको मानसिक तनावलाई सहज बनाउनका लागि सहयोग पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ट) "लैङ्गिक हिंसा" भन्नाले लिङ्गका आधारमा हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत प्रचलित कानूनले लैङ्गिक हिंसा भनी परिभाषित गरेका कार्य सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ड) "सामुदायिक मनोसामाजिक कार्यकर्ता" भन्नाले मनोसामाजिक सहयोग सम्बन्धी आधारभूत तालीम (कम्तीमा दश दिने) प्राप्त गरी समुदायमा हिंसा प्रभावितको पहिचान गर्ने, प्राथमिक मनोसामाजिक सहयोग प्रदान गर्ने र हिंसा प्रभावितलाई आवश्यकता अनुसारको सेवाका लागि प्रेषण गर्ने व्यक्ति सम्झनु पर्छ।

(ढ) "सुरक्षित आवास गृह" भन्नाले आफ्नै घर, परिवार वा समुदायमा बस्न सक्ने अवस्था नभएका हिंसा प्रभावितलाई अल्पकालीन सुरक्षित आश्रय दिनका लागि सञ्चालन गरिएका आश्रयस्थल सम्झनु पर्छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सचिव

(ण) "हिंसा प्रभावित" भन्नाले लैङ्गिक हिंसामा परी स्वास्थ्य, मनोसामाजिक, कानूनी उपचार लगायतका अत्यावश्यकीय सेवा तथा सहयोगको आवश्यकता भएका व्यक्ति वा कुनैपनि कारणले हिंसाजन्य व्यवहार र विभेद भोग्न बाध्य व्यक्ति सम्झनु पर्छ।

३. <u>पालना गर्नुपर्ने आचरण</u>: हिंसा प्रभावितको घटना व्यवस्थापन गर्दा सेवा प्रदायकले देहाय बमोजिमका आचरण पालना गर्नुपर्नेछ:-

(क) सुरक्षाः पीडक, पीडकका परिवारका सदस्य र अन्य व्यक्तिबाट हिंसा प्रभावितलाई जोखिम हुने हुनाले सुरक्षा प्रदान गर्नुपर्नेछ।

(ख) गोपनीयताः हिंसा प्रभावितसँग सम्बन्धित घटनाको जानकारी वा सूचना गोप्य राख्नुपर्नेछ।

(ग) **आत्मसम्मान र आत्मनिर्णय**: हिंसा प्रभावित तथा उनीहरूको सम्पर्कमा आउने व्यक्तिको आत्मसम्मान र आत्मनिर्णयको अधिकारको सम्मान गर्नुपर्नेछ।

(घ) **अविभेद**: हिंसा प्रभावितलाई कुनै पनि लिङ्ग, उमेर, वर्ग, जात, भाषा, भूगोल, धर्म, रङ्ग, राजनीतिक आस्था आदिको आधारमा भेदभाव नगरी सेवा प्रदान गर्नुपर्नेछ।

४. <u>सेवा:</u> सेवा प्रदायक निकायले देहाय बमोजिमका सेवा प्रदान गर्नुपर्नेछ:-

(क) स्वास्थ्य सेवाः आपतकालीन स्वास्थ्य सेवा (घाउको उपचार, यौनजन्य रोगको रोकथाम र आपतकालीन गर्भनिरोध सेवा), चिकित्सकीय सेवा, मानसिक स्वास्थ्य सेवा, मेडिको-लिगल सेवा र विशेषज्ञ सेवा,

(ख) मनोसामाजिक परामर्श सेवाः मनोसामाजिक सहयोग, परामर्श र प्रेषण सेवा,

(ग) सुरक्षा र संरक्षण सम्बन्धी सेवाः सुरक्षा निकायबाट प्रदान गरिने सेवा र सुरक्षित आवास सेवा,

(घ) कानूनी सेवाः कानूनी परामर्श तथा कानूनी उपचार सम्बन्धी सेवा,

(ङ) पुनर्स्थापना सेवाः हिंसा प्रभावितको शारीरिक, मानसिक र सामाजिक पक्षको पारिवारिक वा दीर्घकालीन पुनर्स्थापना सम्बन्धी सेवा,

(च) क्षमता अभिवृद्धि सम्बन्धी सेवाः हिंसा प्रभावितको सशक्तीकरणको लागि प्रदान गरिने शिक्षा, सूचना, सचेतना र तालीम सम्बन्धी सेवा।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सचिव

५. <u>लक्षित समूहः</u> सेवा प्रदायक निकायले देहाय बमोजिमका लक्षित समूहलाई सेवा प्रदान गर्नु पर्नेछः-

(क) लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवम् शारीरिक तथा मानसिक रुपले अशक्त व्यक्ति,

(ख) हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जिउन बाध्य व्यक्ति,

(ग) हिंसा प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति,

(घ) मानव बेचबिखन तथा ओसारपसारमा परी हिंसामा परेका व्यक्ति,

(ङ) सशस्त्र द्वन्द्व तथा विपद्का कारण हिंसामा परेका र जोखिममा रहेका महिला तथा बालबालिका,

(च) हिंसा प्रभावित एच.आई.भी तथा एड्सबाट संक्रमित व्यक्ति।

६. <u>प्रेषण गर्ने व्यक्ति वा निकायः</u> (१) हिंसा प्रभावितलाई देहाय बमोजिमका व्यक्ति वा निकायले प्रवेश विन्दुमा प्रेषण गर्न सक्नेछन्:-

(क) घरपरिवार, आफन्त, साथी तथा छिमेकी,

(ख) महिला मानव अधिकार रक्षक सञ्जाल,

(ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक,

(घ) सामुदायिक मनोसामाजिक कार्यकर्ता,

(ङ) स्थानीय तहमा रहेको न्यायिक समिति,

(च) स्थानीय बाल अधिकार समिति,

(छ) स्वास्थ्य संस्था तथा अस्पताल (बहिरङ्ग विभाग),

(ज) निगरानी समूह,

(झ) बालबालिका खोजतलास केन्द्र (१०४),

(ञ) स्थानीय मेलमिलाप केन्द्र,

(ट) किशोरी समूह,

(ठ) स्थानीय तह महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा,



प्रदेश सचिव

(ड) महिला समूह तथा सहकारी,

(ढ) बाल क्लब,

(ण) सरोकारवाला व्यक्ति तथा निकाय।

(२) हिंसा प्रभावित स्वयं प्रवेश विन्दुमा उपस्थित भई वा नभई आफूमाथि भएको हिंसाको जानकारी गराउन सक्नेछ।

७. <u>प्रवेश विन्दु:</u> देहाय बमोजिमका निकाय प्रवेश विन्दु हुनेछन्:-

(क) सुरक्षित आवास गृह,

(ख) नेपाल प्रहरी,

(ग) स्वास्थ्य संस्था,

(घ) एकद्वार संकट व्यवस्थापन केन्द्र,

(ङ) बाल हेल्पलाईन (१०९८)।

८. <u>प्रेषण प्रक्रिया:</u> दफा ७ बमोजिमको प्रवेश विन्दुले हिंसा प्रभावितलाई आवश्यकता अनुसार दफा ४ बमोजिमको सेवा प्रदान गर्ने निकायमा प्रेषण गर्नुपर्नेछ।

९. <u>सहयोगी निकाय:</u> (१) हिंसा प्रभावितलाई आवश्यक सेवा प्रदान गर्न देहाय बमोजिमका सहयोगी निकाय रहनेछन्:-

(क) सामाजिक विकास मन्त्रालय,

(ख) स्वास्थ्य सेवा निर्देशनालय,

(ग) जिल्ला समन्वय समिति,

(घ) स्थानीय तह,

(ङ) जिल्ला प्रशासन कार्यालय/आप्रवासी स्रोत केन्द्र,

(च) कानूनी सहायता समिति,

(छ) उपभोक्ता हित संरक्षण निर्देशनालय,

(ज) उद्योग वाणिज्य महासङ्घ,

(झ) गैरसरकारी संघ संस्था,

(२) उपदफा (१) बमोजिमको सहयोगी निकायको सहयोगमा हिंसा प्रभावितलाई सामाजिक पुनर्स्थापना गर्न र स्वरोजगारमूलक सीप तथा क्षमता अभिवृद्धि गरिनेछ।

प्रदेश सचिव

१०. <u>घटना व्यवस्थापनका चरण:</u> सेवा प्रदायक निकायले हिंसा प्रभावितलाई अनुसूचीमा उल्लेख भए बमोजिमका चरणको आधारमा सेवा प्रदान गर्नु पर्नेछ।

११. <u>जनशक्ति व्यवस्थापन:</u> (१) हिंसा प्रभावितलाई सेवा प्रदान गर्नका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रमा आवश्यकता अनुसार घटना व्यवस्थापन सहजकर्ता र मनोसामाजिक परामर्शकर्ता राख्न सकिनेछ।

(२) समुदायमा आधारित रही लैङ्गिक हिंसाका घटनाको पहिचान गर्न, प्राथमिक मनोसामाजिक सहयोग प्रदान गर्न र हिंसा प्रभावितलाई प्रेषण गर्नका लागि सामुदायिक मनोसामाजिक कार्यकर्ताको व्यवस्था गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम मन्त्रालयले प्रदेश सरकारलाई अतिरिक्त व्ययभार नपर्ने गरी विद्यमान जनशक्तिबाट वा विकास साझेदार संस्थाको सहयोगमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

१२. <u>सेवा प्रदान गर्ने स्थान</u>: दफा ११ बमोजिमको जनशक्तिले हिंसा प्रभावितलाई स्वास्थ्य संस्था, सेवा केन्द्र, सुरक्षित आवासगृह, नेपाल प्रहरी र आवश्यकता अनुसार समुदायमा गई आवश्यक सेवा प्रदान गर्न सक्नेछन्।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "सेवा केन्द्र" भन्नाले हिंसा प्रभावितलाई सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको केन्द्र वा सेवा प्रदायक निकाय सम्झनुपर्छ।

१३. <u>घटना अभिलेख:</u> (१) सेवा प्रदायक निकायले हिंसा प्रभावित सम्बन्धी तथ्याङ्क तथा सूचना गोप्य र सुरक्षित रुपमा सङ्कलन गरी अभिलेख राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको घटना सम्बन्धी अभिलेख राख्दा घटना कार्ययोजना, लिखित सुरक्षा योजना, घटना नोट, प्रेषण फाराम र घटना समापन फाराम भर्नुपर्नेछ।

(३) सेवा प्रदायक निकायले सम्बन्धित हिंसा प्रभावितलाई सङ्कलित सूचनाको जानकारी दिनुपर्नेछ।

(४) सेवा प्रदायक निकायले हिंसा प्रभावितसँग सम्बन्धित सूचना तथा तथ्याङ्कको विवरण मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा एकीकृत गरी राख्नुपर्नेछ।

(५) सेवा प्रदायक निकायले उपदफा (४) बमोजिमको विवरण सम्बन्धित स्थानीय तह, प्रदेश तथा संघको सम्बन्धित निकायमा अनिवार्य पेश गर्नुपर्नेछ।

प्रदेश सचिव

१४. <u>निर्देशक समिति:</u> (१) हिंसा प्रभावितको लागि घटना व्यवस्थापन तथा प्रेषण प्रणालीसम्बन्धी आवश्यक निर्देशन, समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्नका लागि एक घटना व्यवस्थापन तथा प्रेषण निर्देशक समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रमुख, कर्णाली प्रदेश प्रहरी कार्यालय -सदस्य

(घ) निर्देशक, प्रदेश अस्पताल -सदस्य

(ङ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) उपसचिव (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(छ) प्रमुख, स्वास्थ्य सेवा महाशाखा, मन्त्रालय -सदस्य

(ज) संयोजकबाट मनोनीत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका क्षेत्रमा काम गर्ने संस्थामध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(झ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(३) निर्देशक समितिले आवश्यकता अनुसार विषयविज्ञ एवं अन्य सरोकारवाला निकायलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) घटना व्यवस्थापन तथा प्रेषण प्रणालीलाई प्रभावकारी बनाउनको लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) घटना व्यवस्थापन तथा प्रेषण प्रणालीलाई एकरुपता ल्याउन मार्गनिर्देशन गर्ने,

(ग) हिंसा प्रभावितलाई प्रभावकारी सेवा प्रदान गर्नका लागि सेवा प्रदायक निकायबीच समन्वय र सहजीकरण गर्ने,

प्रदेश सचिव

(घ) घटना व्यवस्थापन तथा प्रेषण प्रणाली सुदृढीकरणका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) घटना व्यवस्थापन तथा प्रेषण प्रक्रियामा संलग्न निकायको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) हिंसा प्रभावितसँग सम्बन्धित आवश्यक तथ्याङ्क अध्ययन, विश्लेषण र अद्यावधिक गर्ने गराउने।

(छ) सेवा प्रदायक निकायलाई आवश्यकता अनुसार सुझाव प्रदान गर्ने।

१६. <u>अनुगमन तथा सुपरीवेक्षण:</u> मन्त्रालय, निर्देशक समिति र स्थानीय तहले हिंसा प्रभावितको लागि घटना व्यवस्थापन तथा प्रेषण प्रणालीको अनुगमन तथा सुपरीवेक्षण गर्नेछ।

१७. <u>स्रोत पुस्तिका तयार गर्नुपर्ने:</u> घटना व्यवस्थापन तथा प्रेषण प्रक्रियाको प्रभावकारी कार्यान्वयन गर्नका लागि मन्त्रालयले स्रोत पुस्तिका तयार गर्नुपर्नेछ।

प्रदेश सचिव

अनुसूची
(दफा १० सँग सम्बन्धित)

**घटना व्यवस्थापनका चरण**

| चरण | कार्य विवरण |
|---|---|
| प्रथम चरणः परिचय | • अभिवादन गर्ने तथा हिंसा प्रभावितलाई आराम गर्न दिने,<br>• विश्वासको वातावरण तथा सम्बन्ध विकास गर्ने,<br>• तत्काले सुरक्षा अवस्थाको परीक्षण गर्ने,<br>• गोपनीयता र यसका सीमाका बारेमा जानकारी दिने, अनुमति (सुसूचित सहमति) लिने। |
| दोश्रो चरणः परीक्षण | • प्रभावितको अवस्था, समस्या, तथा तत्कालको आवश्यकताको पहिचान गर्ने,<br>• तत्काले भावनात्मक सहायता प्रदान गर्ने,<br>• सुचना तथा जानकारी प्रदान गर्ने,<br>• हिंसा प्रभावितलाई घटना व्यवस्थापनका थप सेवा आवश्यकता छन् वा छैनन् सोको पहिचान गर्ने। |
| तेश्रो चरणः कार्ययोजना | • प्रभावितको परीक्षण गरी घटनाको योजना तयार पार्ने,<br>• प्रेषणका लागि सहमति प्राप्त गर्ने,<br>• योजनाको अभिलेखीकरण गर्ने। |
| चौथो चरणः कार्ययोजनाको कार्यान्वयन | • प्रभावितको गुणस्तरीय सेवाका लागि सहयोग तथा पैरवी गर्ने,<br>• आवश्यक परेमा प्रत्यक्ष सहायता गर्ने,<br>• समन्वयका लागि नेतृत्व गर्ने। |
| पाचौं चरणः अनुगमन | • घटनाको अनुगमन गर्ने,<br>• सुरक्षा तथा अन्य प्रमुख आवश्यकताको पुनः परीक्षण गर्ने,<br>• आवश्यक भएमा कार्ययोजनाको संशोधन तथा कार्यान्वयन गर्ने। |
| छैठौं चरणः समापन तथा पुनर्स्थापना | • अवस्थाको विश्लेषण गरी घटनाको समापन गर्ने।<br>• हिंसा प्रभावितको पुनर्स्थापनाको लागि समन्वय गर्ने,<br>• सम्बन्धित निकायले हिंसा प्रभावितको घरमा वा पुनर्स्थापना केन्द्रमा रहँदा नियमित अनुगमन गर्ने। |

प्रदेश सचिव